साईपाल गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ४ मितिः २०७७/०३/०६

**भाग-२**

**साईपाल गाउँपालिका**

## साईपाल गाउँपालिकाको शिक्षानीति -२०७६

साईपाल गाउँपालिकाले गुणस्तरीय शिक्षा मार्फत गाउँबासीको जीवन स्तरलाई सुधार गरी सुखी र सम्पन्न नागरिक बनाउनका लागि शिक्षा नीति २०७६ लागु गर्ने निर्णय गरेको छ ।

### पहुंचका लागि

- बालविकास उमेर समूका सबै बालबालिकालाई बालविकास कार्यक्रममा सहभागी गराइनेछ ।
- विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गरी गुणस्तरीय शिक्षा प्रदान गरिने ।
- सहारा बिहीन बालबालिकालाई आवासीय विद्यालय बनाइनेछ वा आवश्यकताअनुसार अन्यत्र भएका विद्यालयमा पठाउने प्रबन्ध गरिनेछ छ ।
- अनाथ टुहुरा वालबालीकालाई कक्षा १ देखी कक्षा १० सम्म निःशुल्क पढाईने प्रबन्ध गरिनेछ ।

### गुणस्तरका लागि

- शिक्षक तथा कर्मचारीहरुलाई परीणाममुखी, उत्तरदायी र पेशागत रुपले सक्षम बनाइनेछ ।

- शिक्षा समितिको नेतृत्वमा उपसमितिहरु बनाई प्रति महिना विद्यालयको अनुगमन गरी तदनुसार शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, विद्यार्थी र कर्मचारी पुरस्कृत गर्ने, सघाउने र गुणस्तर सुनिश्चित गर्ने प्रबन्ध मिलाइने छ।
- विद्यार्थीलाई पढाईबाट सिकाईमा स्थानान्तरण गर्ने व्यवस्था मिलाइनेछ।
- बालबालिकाहरुको विद्यालयमा निरन्तरताका लागि मासिक रुपमा हाजिरिको लेखाजोखा प्र0ालीको अवलम्बन गरिनेछ।
- साप्ताहिक रुपमा शिक्षकले, मासिक रुपमा प्रधानाध्यापकले र त्रैमासिक रुपमा गाउँपालिकाले विद्यार्थीको मूल्यांकन गरी उपचारात्मक शिक्षण प्रद्धति अवलम्बन गरिनेछ।

**अभिभावक परिचालनका लागि**

- प्रत्येक विद्यालयले अभिभावक शिक्षा कार्यक्रम संचालन गर्नेछन्।
- अभिभावकहरुले बेलाबखतमा कक्षा लिने तथा अन्य कार्यमा सघाउने प्रवन्ध मिलाइने छ र

**निजी विद्यालयको व्यवस्थापनका लागि**

- लगानीको संरक्षण गर्दै निजी विद्यालयहरुलाई अनुगमन र नियमन गरी उनीहरुलाई सेवामुखी बनाइनेछ।

**असहाय अनाथ वालवालिकाको लागि**

- यस साईपाल गाउपालिका वडा नं. १ देखी ५ सम्म भएका टुहुरा असहाय अनाथ जेहेन्दार बालवालिकाहरुको लागि कक्षा १ देखी १० कक्षा सम्मको पढाई खर्चको रकम गाउपालिका द्वारा आवश्यकता अनुसार व्यहोरिनेछ। निजले सो सेवा लिदा निम्न कागजात पेश गर्नु पर्ने छ।

  १.अभिभावको वा संरक्षकको निवेदन

  २. टुहुरा असहाय अनाथ वा जेहेन्दार वालवालिका हो भनि वडा कार्यालयको सिफारिस

  ३. जेहेन्दार वालवालिकाको हकमा विद्यालयको सिफरिस
- दलित, अपांगता भएका र विपन्न विद्यार्थीहरुलाई उच्चशिक्षा सम्म निशुल्क पठनपाठनको व्यवस्था मिलाउनका लागि गाउँपालिकामा कोष खडा गरिनेछ।

**मातृभाषामा शिक्षा दिनका लागि**

- मातृभाषा तथा लिपिको संरक्षण, मातृभाषामा शिक्षा, मातृभाषाको शिक्षा तथा मातृभाषा मार्फत शिक्षाको प्रबर्धन गरिनेछ।

**वाल स्वास्थ र सुरक्षाका लागि**

- स्वास्थ्य केन्द्र, हेल्थपोष्ट, आदिको सहकार्यमा प्रति ३ महिनामा विद्यार्थीको स्वास्थ्य परीक्षण गर्ने प्रबन्ध मिलाइनेछ।

**साक्षरता र आजीवन शिक्षाका लागि**

- आगामी दुई वर्षमा सबैलाई साक्षर बनाउँदै आजीवन शिक्षाका लागि वडा पिच्छे  पुस्तकालय र उलपब्ध सामुदायिक सिकाइ केन्द्रलाई परिचालन गरिनेछ। प्रत्येक वडामा कम्तिमा एउटा पुस्तकालय सहितको बाल उद्यान निर्माण गरिनेछ।

**व्यवहारिक, वैज्ञानिक तथा व्यवसायिक शिक्षाका लागि**

- स्थानिय, राष्ट्रिय तथाअन्तराष्ट्रिय विज्ञको सहयोगमा माध्यमिकतह सम्मको शिक्षा प्रविधियुक्त,  सीपयुक्त, निशुल्क, बालमैत्री र समावेशि गराइनेछ।
- परम्परागत सीपहरुको आधुनिकिकरण गर्दै त्यसमा भएका ज्ञान तथा सीपहरुको अध्ययन गरी पठनपाठन गर्ने प्रबन्ध मिलाइनेछ। परम्परागत सीपलाई स्थानीय पाठ्यक्रमसँग समायोजन गरिने।
- स्थानीय तहमा उपलब्ध सीपय’क्त व्यक्ति वा संस्थाको सहयोगमा इच्छुक विद्यार्थीहरुलाई सीप सिकाउने तथा उद्यमीकरण गर्न प्रवन्ध मिलाइने छ।

**लगानीका लागि**

- शिक्षाक्षेत्रको विकासका लागि कम्तिमा २० प्रतिशत लगानी गरिनेछ।
- बैचारिक भिन्नताका विषयमा संवाद गरी विद्यालयलाई शान्ति क्षेत्र बनाइनेछ।

**भौतिक पुर्वाधारका लागि**

- शिक्षक, प्रअ, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति र गाउँपालिका सबैको सहकार्यमा सबै विद्यालयमा संग्रहालय, पुस्तकालय र प्रयोगशालाको व्यवस्था गरिनेछ।
- विद्यालयहरुको भौतिक पुर्वाधार निर्माण गर्दा भुकम्प प्रतिरोधी बनाइनेछ ।  विपदबाट बच्नका लागि बालबालिकाहरुलाई नमूना अभ्यास गराइनेछ।

आज्ञाले,

नामः राधाकृष्ण जोशी

प्रमुख प्रशासकीय अधिकृत